मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८१**

**तह: बी.एड./चौथो सेमेस्टर**

**विषय: नेपाली शिक्षण (नेपा.शि.४४३/३४३)**

---

**रोल नं. ....................**

**समूह 'क'** **१०×१ = १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस्।**

१. भाषिक सिपलाई एक अर्कासँग अन्तरसम्वन्धित बनाएर शिक्षण गर्नुपर्ने कुरा कुन सिद्धान्तअन्तर्गत पर्दछ ?

(क) कक्षा सहभागिता (ख) सिपगत एककालिकता
(ग) योजनावद्ध शिक्षण (घ) एकीकृत शिक्षण

२. नेपाली भाषा शिक्षणको प्रमुख आवश्यकता के हो ?

(क) नवीन ज्ञानको जानकारी प्राप्त गर्न
(ख) राष्ट्रिय एकताको विस्तार गर्न
(घ) सरकारी कामकाज चलाउन
(घ) भाषिक सिपमा दक्ष वनाउन

३. माध्यमिक तहका विद्यार्थीका लागि बढी उपयोगी मानिने सुनाइको प्रकार कुन हो ?

(क) सामान्य सुनाइ (ख) आंशिक सुनाइ
(ग) मनोरञ्जनात्मक सुनाइ (घ) विश्लेषणात्मक सुनाइ

४. सीमित समयमै पाठमा प्रयोग भएका खास शब्द, पदावली, वाक्य पत्ता लगाउने उपयुक्त पठन क्रियाकलाप कुन हो ?

(कं) सामान्य पठन (ख) द्रुत पठन
(ग) सस्वर पठन (घ) मौन पठन

५. लेखाइ सिपको वाह्य व्यवस्थाअन्तर्गत पर्ने त्रुटि कुन हो ?

(क) वर्णविन्यासगत त्रुटि (ख) उच्चारणगत त्रुटि
(ग) लोपगत त्रुटि (घ) सफाइगत त्रुटि

६. व्याकरण शिक्षणको कुन विधिलाई परिभाषा वा सूत्र विधि पनि भनिन्छ ?

(क) आगमन विधि (ख) निगमन विधि
(ग) भाषा संसर्ग विधि (घ) कार्यमूलक विधि

७. भाषिक सिप हासिल गर्न उपयोगमा ल्याइने सवैभन्दा उत्तम शिक्षण सामग्री कुन हो ?

(क) पाठ्यपुस्तक (ख) प्रतिमूर्ति
(ग) तालिका (घ) सन्दर्भ पुस्तक

८. समय, श्रम र स्रोतको वढी लगानी गर्नुपर्ने परीक्षा कुन हो ?

(क) लिखित परीक्षा (ख) मौखिक परीक्षा
(ग) अन्तवार्ता (घ) प्रयोगात्मक परीक्षा

९. विद्यालयमा कार्ययोजनाको निर्माण कसले गर्नुपर्छ ?

(क) प्रधानाध्यापक (ख) शिक्षक
(ग) विद्यालय प्रशासन (घ) विद्यालय निरीक्षक

१०. वोलाइ सिप शिक्षणका लागि कुन क्रियाकलाप गराइन्छ ?

(क) कक्षा प्रस्तुतीकरण (ख) ध्वनि विभेदीकरण
(ग) वर्ण विभेदीकरण (घ) वाक्य विभेदीकरण

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८१**

तहः वी.एड./चौथो सेमेस्टर — पूर्णाङ्क : ६०

समयः ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषयः** नेपाली शिक्षण (नेपा.शि.४४३/३४३)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ।*

**समूह 'ख'** **६×५=३०**

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. मानक र स्तरीय नेपाली भाषा सिकाइमा नेपाली शिक्षण आवश्यक छ। पुष्टि गर्नुहोस्।

२. नेपाली शिक्षणमा देखिएका समस्याको सूची तयार गरी कुनै एकको व्याख्या गर्नुहोस्।

३. पढाइ सिप शिक्षणको प्रयोजनवारे चर्चा गर्नुहोस्।

**अथवा**

लेखाइ सिप र यसका प्रकारको स्पष्ट चिनारी गराउनुहोस्।

४. शव्दार्थ शिक्षणका प्रमुख तरिकाहरूको वर्णन गर्नुहोस्।

५. वोलाइ र लेखाइ सिपको सम्वन्धलाई स्पष्ट पार्नुहोस्।

६. वाचनकला शिक्षणका लागि अपनाइने क्रियाकलापका वारेमा चर्चा गर्नुहोस्।

**अथवा**

व्याकरण शिक्षणका प्रचलित विधिहरू उल्लेख गरी कुनै एक विधिको चर्चा गर्नुहोस्।

**समूह 'ग'** **२×१० = २०**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।**

७. लेखाइ सिपको प्रयोजनलाई स्पष्ट पार्दै त्यसका लागि निर्धारण गरिएका क्रियाकलापका वारेमा विश्लेषण गर्नुहोस्।

८. भाषिक मूल्याङ्कनका साधनहरूको सूची तयार गरी तिनको विश्लेषणात्मक चिनारी गराउनुहोस्।

**अथवा**

नेपाली भाषाको व्याकरण शिक्षणमा देखिएका समस्याहरू उल्लेख गर्दै यसको समाधानका उपायहरू समेत प्रस्तुत गर्नुहोस्।

**समाप्त**